# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौ, मंसिर १० गते २०६६ साल (अतिरिक्तांक४०

## भाग २

नेपाल सरकार

कानून तथा न्याय मन्त्रालय

नेपालको अन्तरिम संविधान,२०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधानसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०६६ सालको ऐन न. ४

**आर्थिक वर्ष २०६६/०६७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने व्यवस्था गर्न बनेको** ऐन

**प्रस्तावना : आर्थिक वर्ष २०६६/०६७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,**

**नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विनियोजन ऐन, २०६६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०६६/०६७ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार : आर्थिक वर्ष २०६६/०६७ को निमित्त अनुसूची–१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची–२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च र महल ५ मा उल्लिखित पूँजीगत खर्च र रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा रु. २,५६,४७,९८,६७,०००/- (अक्षरेपी दुई सय छपन्न अर्ब सतचालीस करोड अन्ठान्नब्बे लाख सतसट्ठी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यो ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६६/०६७ को निमित्त अनुसूची–२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।


०६८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूँजीगत खर्चतर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालू तथा पूँजीपगत खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ८७ देखि ९५ सम्म विनियोजन भएको रकम अनुदान संख्या ११ देखि ९५ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

४. स्थानीय निकायलाई नि:शर्त अनुदान दिने : प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई जाने नि:शर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयले स्थानीय निकायलाई दिनेछ। यस्तो रकमबाट भएको खर्चको अनुगमन र केन्द्रीय लेखा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

**नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम**

**सञ्चित कोष माथि व्ययभार हुने रकम**

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १ | ११ | राष्ट्रपति | ४२,७५ |
| २ | १२ | उपराष्ट्रपति | ३५,८० |
| ३ | १३ | संविधानसभा/ व्यवस्थापिका-संसद | ५२,५३ |
| ४ | १४ | अदालत | ११,८७,८८ |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ७,२३,१० |
| ६ | १६ | महालेखा परीक्षकको कार्यालय | १२,४९,६९ |
| ७ | १७ | लोक सेवा आयोग | ११,७०,८६ |
| ८ | १८ | निर्वाचन आयोग | १३,२८,३५ |
| ९ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ६,६७,३५ |
| १० | ८१ | अर्थ मन्त्रालय - आन्तरिक ऋण भुक्तानी | १४,१५,९१,१३ |
| ११ | ८२ | अर्थ मन्त्रालय - वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ११,३२,९७,५६ |
| १२ | ८३ | अर्थ मन्त्रालय - वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ३,२१,२४,३३ |
| १३ | ९५ | अर्थ मन्त्रालय विविध | १०,३०,०० |
| | | जम्मा | २९,४५,०१,३३ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची–२

## (दफा २ सँग सम्बन्धित)

## सञ्चित कोषबाट खर्च हुने रकम

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्चतर्फ विनियोजित (रु. हजारमा) | पूंजीगत खर्चतर्फ विनियोजित (रु. हजारमा) | जम्मा विनियोजित (रु. हजारमा) |
| १ | ११ | राष्ट्रपति | ५,५२,०९ | १०,१२,०० | १५,६४,०९ |
| २ | १२ | उपराष्ट्रपति | १,३४,६१ | ५१,३० | १,८५,९१ |
| ३ | १३ | संविधानसभा/ व्यवस्थापिका-संसद | ७६,२७,४७ | २३,०० | ७६,५०,४७ |
| ४ | १४ | अदालत | ९४,१०,७९ | ३५,३८,७५ | १,२९,४९,५४ |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १,४०,०० | २९,०० | १,६९,०० |
| ६ | १६ | महालेखा परीक्षकको कार्यालय | ९७,६५ | ७४,३० | १,७१,९५ |
| ७ | १७ | लोक सेवा आयोग | ८०,०० | १,९९,७५ | २,७९,७५ |
| ८ | १८ | निर्वाचन आयोग | ४,००,०० | १,२८,५० | ५,२८,५० |
| ९ | १९ | महान्यायाधिवक्ताको कार्यालय | १७,९८,३७ | ३,७८,२५ | २१,७६,६२ |
| १० | २० | न्याय परिषद् | ८४,०० | ५,७० | ८९,७० |
| ११ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | | ३८,०० | ३८,०० |
| १२ | २५ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४७,०४,८२ | ३,०२,१७,६१ | ३,४९,२२,४३ |
| १३ | २६ | उप-प्रधानमन्त्रीको कार्यालय | १५,२२ | १०,०० | २५,२२ |
| १४ | २७ | राष्ट्रिय सतर्कता केन्द्र | ३,७३,५६ | ६,०० | ३,७९,५६ |
| १५ | ३५ | अर्थ मन्त्रालय | २,१८,०७,१२ | ३,६९,०७,४४ | ५,८७,१४,५६ |
| १६ | ३७ | ऊर्जा मन्त्रालय | ८,४५,७१ | ५७,१५,९७ | ६५,६१,६८ |
| १७ | ३८ | उद्योग मन्त्रालय | ७४,४७,१४ | ७०,९५,७० | १,४५,४२,८४ |
| १८ | ३९ | कानून तथा न्याय मन्त्रालय | ४,११,२४ | १,१६० | ४,२२,८४ |
| १९ | ४० | कृषि तथा सहकारी मन्त्रालय | ६,७६,३२,४५ | १,११,३३,४२ | ७८७६५८७ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| २० | ४५ | गृह मन्त्रालय | १५,३८,१३,२८ | १,०४,१६,८१ | १६,४२,३०,०९ |
| २१ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | १,६६,०२,७० | २७,८४,०३,५४ | २९,५०,०६,२४ |
| २२ | ४९ | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १२,२७,३० | ३७,१२,८० | ४९,४०,१० |
| २३ | ५० | परराष्ट्र मन्त्रालय | १,५३,४५,९१ | २२,१९,५० | १७,५६५,४१ |
| २४ | ५१ | विज्ञान तथा प्रविधि मन्त्रालय | १४,३५,४१ | ३२,९५,५० | ४७,३०,९१ |
| २५ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | १,२३,४५,६४ | २५,५९,१० | १,४९,०४,७४ |
| २६ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ८०,७१,५६ | १८,३४,८२ | ९९,०६,३८ |
| २७ | ५७ | युवा तथा खेलकुद मन्त्रालय | ३३,७३,२१ | ५,१६,४० | ३८,८९,६१ |
| २८ | ५८ | रक्षा मन्त्रालय | १४,६१,७६,९७ | ९७,९६,०५ | १५,५९,७३,०२ |
| २९ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | २,७२,४८,९३ | ७२,५०,८१ | ३,४४,९९,७४ |
| ३० | ६० | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५३,८९,४७ | १३,५४,७५ | ६७४४,२२ |
| ३१ | ६१ | वातावरण मन्त्रालय | १८,०५,९३ | १,८५,८१,९३ | २,०३,८७,८६ |
| ३२ | ६२ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ४,७५,२२,९७ | ६,७८,१२,०० | ११,५३,३४,९७ |
| ३३ | ६३ | संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय | ३७,५१,२४ | ४१,४९,५५ | ७९,००,७९ |
| ३४ | ६५ | शिक्षा मन्त्रालय | ४२,२४,४५,३१ | ४,३७,२१,४१ | ४६,६१,६६,७२ |
| ३५ | ६६ | सामान्य प्रशासन मन्त्रालय | ३,५७,६४ | १२,५५,२० | ४६,१२,८४ |
| ३६ | ६७ | सूचना तथा सञ्चार मन्त्रालय | १,९७,२३,४० | २३,०५,९० | २,२०,२९,३० |
| ३७ | ६८ | सिंचाई मन्त्रालय | ७०,५२,६२ | ७,०५,६१,२८ | ७,७६,१३,९० |
| ३८ | ६९ | स्थानीय विकास मन्त्रालय | १३,८३,२९,६४ | २१,८६,०६,८३ | ३५,६९,३६,४७ |
| ३९ | ७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १४,१२,७४,०६ | ३,७१,३०,६० | १७,८४,०४,६६ |
| ४० | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ३१,४४,६० | २,४९,९५ | ३३,९४,५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१ | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ५५,७०,७१ | ९,१४,८१ | ६४,८५,५२ |
| ४२ | ८६ | अर्थ मन्त्रालय - लगानी वैदेशिक संस्थाहरु | | १०,००,०० | १०,००,०० |
| ४३ | ८७ | अर्थ मन्त्रालय - लगानी सार्वजनिक संस्थान | | १५,१२,४७,१० | १५,१२,४७,१० |
| ४४ | ९० | अर्थ मन्त्रालय- सेवानिवृत्त सुविधा तथा कर्मचारी सुविधा | १६,१२,००,०० | | १६,१२,००,०० |
| ४५ | ९५ | अर्थ मन्त्रालय विविध | ३,२१,८०,०० | २,७३,७५,०० | ५,९५,५५,०० |
| | | जम्मा | १,५०,१९,५०,७४ | १,०६,२८,४७,९३ | २,५६,४७,९८,६७ |

प्रमाणीकरण मिति : २०६६।८।१०।४

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

## नेपाल सरकार

## कानून तथा न्याय मन्त्रालय

नेपालको अन्तरिम संविधान,२०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधानसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०६६ सालको ऐन न. ५

**नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

प्रस्तावना : नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न केही महसुल, कर, पोत, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालू राख्न वा हेरफेर गर्न तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्न समेत वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०६६" रहेको छ ।

(२) यो ऐनको दफा १, २, ३, ४, ५ र १० तुरुन्त प्रारम्भ हुनेछन् र अन्य दफाहरू सम्वत् २०६६ साल साउन १ गतेदेखि लागू हुनेछन् ।

२. भन्सार महसुल : (१) विदेशबाट नेपालभित्र पैठारी हुने मालवस्तुहरूमा अनुसूची-१ बमोजिम भन्सार महसुल लगाइने र असूलउपर गरिनेछ ।

(२) नेपालबाट विदेशमा निकासी हुने मालवस्तुहरूमा अनुसूची-२ बमोजिम भन्सार महसुल लगाइने र असूलउपर गरिनेछ ।

३. भन्सार सेवा दस्तुर : नेपालबाट विदेशमा निकासी हुने र विदेशबाट नेपालमा पैठारी हुने मालवस्तुको प्रति प्रज्ञापनपत्रमा निकासी बापत छ सय रूपैयाँ र पैठारी बापत पाँच सय रूपैयाँ भन्सार सेवा दस्तुर लगाइने र असूलउपर गरिनेछ ।

तर निकासी महसुल लाग्ने मालवस्तुहरू, कूटनैतिक तथा महसुल सुविधामा निकासी वा पैठारी हुने मालवस्तुहरू तथा महसुल तिरी अस्थायी पैठारी हुने मालवस्तुहरू, हवाईमार्गबाट यात्रुले आफूसँगै लैजाने मालवस्तुहरू र पाँच हजार रुपैयाँसम्म मूल्यको निकासी वा पैठारी हुने मालवस्तुहरूमा भन्सार सेवा दस्तुर लाग्ने छैन ।

४. कृषि सुधार शुल्क : आर्थिक वर्ष २०६६/०६७ मा अनुसूची-१ को दफा १६ मा उल्लिखित मालवस्तु पैठारी हुँदा पैठारी मूल्यमा पाँच प्रतिशतका दरले कृषि सुधार शुल्क लगाइने र असूलउपर गरिनेछ ।

तर त्यस्ता मालवस्तुहरूको पैठारी हुँदा भन्सार महसुल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्ने छैन ।

५. अन्तःशुल्क : आर्थिक वर्ष २०६६/०६७ मा नेपालभित्रको मिल वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थ वा पैठारी भएका मालवस्तु वा सेवामा अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क लगाइने र असूलउपर गरिनेछ ।

६. मूल्य अभिवृद्धि कर : आर्थिक वर्ष २०६६/०६७ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाइने र असूलउपर गरिनेछ ।

७. स्वास्थ्य सेवा कर : (१) आर्थिक वर्ष २०६६/०६७ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामुदायिक अस्पतालहरूले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायहरूले प्रदान गर्ने स्वास्थ्य सेवाहरूमा जारी बीजक मूल्यको पाँच प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाइने र असूलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा कर त्यस्तो सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायले बीजक जारी गरी असूलउपर गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम स्वास्थ्य सेवा कर असूल गर्ने व्यक्ति, संस्था वा निकायले असूल गरेको रकम र सोको विवरण चौमासिक रुपमा प्रत्येक चौमासिक अवधि समाप्त भएको पच्चीस दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र कर दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशत ब्याज र विवरण दाखिला नगरेमा प्रति विवरण रु. १,०००।- असूलउपर गरिनेछ । तीन महिनासम्म पनि बाँकी स्वास्थ्य सेवा कर नबुझाउने व्यक्ति, संस्था वा निकायद्वारा सञ्चालित कारोबारलाई कर अधिकृतले बन्द गर्न आदेश दिन सक्नेछ ।

(५) स्वास्थ्य सेवा कर बुझाउने स्वास्थ्य संस्थाले स्वेच्छिक रुपमा मूल्य अभिवृद्धि करमा दर्ता हुन पाउनेछन् ।

(६) उपदफा (५) बमोजिम दर्ता भएका स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा कर असूल नगरी मूल्य अभिवृद्धि कर असूल गरिनेछ ।

(७) उपदफा (५) बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको स्वास्थ्य संस्थाले दर्ताको मितिले ५ वर्षसम्म मूल्य अभिवृद्धि कर मात्र असूल गर्नु पर्नेछ ।

(८) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा करको कार्यविधि आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) स्वास्थ्य सेवा करको प्रशासन आन्तरिक राजस्व विभाग र सो विभाग अन्तर्गतका कार्यालयबाट हुनेछ । त्यस्तो कार्यालय नभएको जिल्लामा सो विभागले तोकेको प्रक्रिया बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले स्वास्थ्य सेवा करको प्रशासन गर्नेछ ।

८. <u>शिक्षा सेवा शुल्क</u> : (१) आर्थिक वर्ष २०६६/०६७ मा काठमाडौं उपत्यका, उप-महानगरपालिका, नगरपालिका र जिल्ला सदरमुकामस्थित निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले असूल गर्ने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा २०६६ साल साउन महिनादेखि एक प्रतिशतका दरले शिक्षा सेवा शुल्क


२८४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगाइने र असूलउपर गरिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्था" भन्नाले तालिम तथा पुनर्ताजगी तालिम प्रदान गर्ने सस्था बाहेक प्रचलित कानून बमोजिम दर्ता भएका र निजी क्षेत्रबाट सञ्चालित विश्वविद्यालय, महाविद्यालय, विद्यालय तथा प्राविधिक शिक्षालय समेत अन्य जुनसुकै किसिमको शिक्षा प्रदान गर्ने निकायलाई जनाउनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क पिछडिएका एवं दुर्गम क्षेत्रका विपन्नवर्गका विद्यार्थीहरूको हितमा खर्च गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको शिक्षा सेवा शुल्क त्यस्तो शिक्षण संस्थाहरूले बीजक जारी गरी असूलउपर गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम शिक्षा सेवा शुल्क असूल गर्ने शिक्षण संस्थाले असूल गरेको रकम र सोको विवरण चौमासिक रुपमा प्रत्येक चौमासिक अवधि समाप्त भएको पच्चीस दिनभित्र आन्तरिक राजस्व कार्यालय भएको जिल्लामा सो कार्यालयमा र आन्तरिक राजस्व कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र शिक्षा सेवा शुल्क दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशत ब्याज र विवरण दाखिला नगरेमा प्रति विवरण रु. १,०००।- असूलउपर गरिनेछ । तीन महिनासम्म पनि शिक्षा सेवा शुल्क नबुझाउने शिक्षण संस्थाहरूलाई नेपाल सरकारले बन्द गर्न आदेश दिन सक्नेछ ।

(६) विदेश अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा दिँदा त्यस्तो सटही रकममा एक प्रतिशत शिक्षा सेवा शुल्क लगाइनेछ र असूल गरिनेछ ।

(७) उपदफा (६) बमोजिम विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बैङ्कले शिक्षा सेवा शुल्क बापत कट्टी भएको रकम अर्को महिनाको पन्ध्र गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सहितको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) शिक्षा सेवा शुल्कको प्रशासन आन्तरिक राजस्व विभाग र सो विभाग अन्तर्गतका कार्यालयबाट हुनेछ । त्यस्तो कार्यालय नभएको जिल्लामा सो विभागले तोकेको प्रक्रिया बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले शिक्षा सेवा शुल्कको प्रशासन गर्नेछ ।

(९) आर्थिक वर्ष २०६५/०६६ को शिक्षा सेवा कर नतिरेका शिक्षण संस्थाले २०६६ साल असोज मसान्तसम्ममा स्वयं घोषणा गरी सो करको रकम एकमुष्ट बुझाउन ल्याएमा लाग्ने शुल्क तथा जरिबाना मिन्हा हुनेछ ।

९. सवारी साधन कर र सडक निर्माण तथा सम्भार दस्तुर : आर्थिक वर्ष २०६६/०६७ मा अनुसूची-३ बमोजिम सवारी साधन कर र सडक निर्माण तथा सम्भार दस्तुर लगाइने र असूलउपर गरिनेछ ।

१०. सडक मर्मत तथा सुधार दस्तुर : आर्थिक वर्ष २०६६/०६७ मा सडक मर्मत तथा सुधार गर्न विदेशबाट नेपालमा पैठारी हुने पेट्रोल र डिजेलमा पेट्रोलमा प्रति लिटर दुई रूपैयाँ र डिजेलमा प्रति लिटर एक रूपैयाँ सडक सुधार दस्तुर भन्सार बिन्दुमै लगाइने र असूलउपर गरिनेछ ।

११. रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर : आर्थिक वर्ष २०६६/०६७ मा अनुसूची-४ बमोजिम रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर लगाइने र असूलउपर गरिनेछ ।

१२. चलचित्र विकास शुल्क : आर्थिक वर्ष २०६६/०६७ मा अनुसूची-५ बमोजिम चलचित्र विकास शुल्क लगाइने र असूलउपर गरिनेछ ।

१३. प्रदूषण नियन्त्रण शुल्क : (१) आर्थिक वर्ष २०६६/०६७ मा नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रति लिटर पचास पैसाका दरले प्रदूषण नियन्त्रण शुल्क लगाइने र असूलउपर गरिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क नेपाल आयल निगमले असूल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिला गर्नु पर्नेछ । सो अवधिभित्र नबुझाएमा वार्षिक पन्ध्र प्रतिशत ब्याज सहित असूलउपर गरिनेछ ।

(३) यस दफा बमोजिमको प्रदूषण नियन्त्रण शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. टेलिफोन स्वामित्व शुल्क : (१) आर्थिक वर्ष २०६६/०६७ मा टेलिफोन जडान गर्ने ग्राहकबाट टेलिफोन स्वामित्व शुल्क बापत एक हजार रूपैयाँ असूलउपर गरिनेछ । टेलिफोनको स्वामित्व परिवर्तन भएको अवस्थामा टेलिफोनको स्वामित्व प्राप्त गर्ने व्यक्तिबाट समेत त्यस्तो शुल्क असूलउपर गरिनेछ ।

तर अग्रिम भुक्तानी हुने (प्रि-पेड) मोबाइल टेलिफोनको हकमा प्रत्येक सिमकार्ड र रिचार्ज कार्डको मूल्यमा दुई प्रतिशतका दरले टेलिफोन स्वामित्व शुल्क लाग्नेछ ।

१५. दूरसञ्चार सेवा दस्तुर : (१) आर्थिक वर्ष २०६६/०६७ मा दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको दश प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुर बापत ग्राहकबाट असूलउपर गरिनेछ । ग्राहकबाट असूलउपर गरिने यस्तो दस्तुर रकम दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले मूल्य अभिवृद्धि कर साथ दाखिला गर्नु पर्नेछ ।

तर इण्टरनेट टेलिफोन सेवा (भी.ओ.आई.पी.) बाहेकको इण्टरनेट सेवा तथा पेजर सेवा प्रदायकहरूलाई यस्तो दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमतिप्राप्त व्यक्तिहरूबीच एकले अर्कोको नेटवर्क प्रयोग गरे बापत तिर्नु पर्ने शुल्क (इन्टर कनेक्सन चार्ज) मा यस्तो दस्तुर लाग्ने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमको दस्तुर दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमतिप्राप्त व्यक्तिले असूल गरी मूल्य अभिवृद्धि कर सहित प्रचलित कानून बमोजिमको म्यादभित्र दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दाखिला गर्नु पर्ने दस्तुर म्यादभित्र नबुझाएमा त्यस्तो बाँकी रकममा मासिक पाँच प्रतिशतका दरले थप दस्तुर लाग्नेछ ।

१६. क्यासिनो रोयल्टी : (१) आर्थिक वर्ष २०६६/०६७ मा नेपालमा रहेका प्रत्येक क्यासिनोले वार्षिक दुई करोड रूपैयाँ रोयल्टी तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रोयल्टी बापतको रकम सम्बन्धित क्यासिनोले आर्थिक वर्ष प्रारम्भ भएको दुई महिनाभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र रोयल्टी नबुझाउने क्यासिनोलाई सो म्याद नाघेको मितिले तीन महिनासम्म वार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क समेत लगाई रोयल्टी रकम असूलउपर गरिनेछ । सो अवधिभित्र पनि रोयल्टी र शुल्क नबुझाउने क्यासिनोलाई कर अधिकृतले बन्द गर्न आदेश दिन सक्नेछ ।

(४) यस दफा बमोजिम असूलउपर गर्नु पर्ने रोयल्टी र शुल्क दाखिला नभएमा त्यस्तो रोयल्टी र शुल्क सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

(५) उपदफा (४) बमोजिमको रोयल्टी र शुल्क नबुझाउने क्यासिनोको इजाजतपत्र नवीकरण हुने छैन ।

१७. वन पैदावार शुल्क : (१) नेपाल सरकारद्वारा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका राष्ट्रिय वनमध्ये उपभोक्ता समूहले प्रचलित कानून बमोजिम कार्य योजना बनाई निकालिएको साल र खयरका काठ उपभोक्ता समूहबाहिर व्यापारिक प्रयोजनका

८६५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

लागि बिक्री गरेमा त्यसरी बिक्री गरी प्राप्त भएको रकममध्ये पन्ध्र प्रतिशत रकम आर्थिक वर्ष २०६६/०६७ मा वन पैदावार शुल्क बापत नेपाल सरकारको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहबाहिर व्यापारिक प्रयोजनको लागि काठ बिक्री गरी उपभोक्ता समूहले प्राप्त गरेको रकम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन, वातावरण संरक्षण र स्थानीय विकाससँग सम्बन्धित कार्यमा खर्च गर्नु पर्नेछ ।

१८. दर घटाउन वा छूट दिन सक्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकता अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन र प्रचलित कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल र कर आंशिक वा पूर्णरुपमा छूट दिन सक्नेछ ।

१९. प्रक्रिया सरलीकरण गर्ने तथा बाधा अड्काउ फुकुवा गर्न सक्ने : आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐन, भन्सार ऐन तथा आर्थिक ऐनको कार्यान्वयनको क्रममा हड्ताल, दैवी प्रकोप, प्राकृतिक विपत्तीको कारणले उल्लिखित ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नसकिने अवस्था सिर्जना भएमा वा कुनै जटिलता देखिएमा वा बाधा अड्काउ पर्न गएमा अर्थ मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

२०. पासबूक/बैङ्क ग्यारेण्टी सम्बन्धी व्यवस्था : (१) वनस्पति घ्यू तेल उद्योगले साविकको दश प्रतिशत भन्सार महसुल तिरी आयात गरेको कच्चा पदार्थबाट तयार भएका वस्तुहरू यो ऐन प्रारम्भ हुँदाका बखतसम्म निकासी गर्न नसकेको वा निकासी हुने सम्भावना पनि नदेखिएकोमा त्यस्ता उद्योगहरूले त्यस्तो वस्तु प्रचलित कानून अनुसार एक प्रतिशत भन्सार महसुल बुझाई


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०६६ साल असोज मसान्तसम्म स्थानीय बजारमा बिक्री गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम भन्सार महसुल बुझाउने उद्योगको धरौटी र बैङ्क ग्यारेण्टीसमेत फिर्ता र फुकुवा गरिनेछ ।

(३) उद्योगहरूले आर्थिक वर्ष २०६४/०६५ वा २०६५/०६६ मा बैङ्क ग्यारेण्टी वा पासबूक (नगद धरौटी) सुविधामा आयात गरेको कच्चा पदार्थमा बीस वा दश प्रतिशत मूल्य अभिवृद्धि गरी तयार गरेको वस्तु प्रचलित कानूनको अवधिभित्र निकासी गरी विदेशी मुद्रा प्राप्त गरेको तर फुकुवाको लागि निवेदन दिन नसकेकोमा त्यस्ता उद्योगहरूले फुकुवाका लागि २०६६ साल भदौ मसान्तभित्र निवेदन दिन सक्नेछन् र त्यसरी निवेदन दिने उद्योगहरूको बैङ्क ग्यारेण्टी फुकुवा वा नगद फिर्ता गरिनेछ ।

२१. <u>सहकारी संघ/संस्थालाई लाग्ने शुल्क, ब्याज सम्बन्धी विशेष व्यवस्था</u> : सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२) बमोजिम कर नलाग्ने सहकारी संघ वा संस्था बाहेकका अन्य सहकारी संघ वा संस्थाले आयवर्ष २०६३/०६४ र २०६४/०६५ को आय विवरण २०६५ साल पुस मसान्तसम्म दाखिला गरेका त्यस्ता सहकारी संघ संस्थाको अन्य शुल्क तथा ब्याज मिन्हा गरिनेछ ।

२२. <u>विवरण ढिला बुझाए बापतको शुल्क मिन्हा सम्बन्धी व्यवस्था</u> : आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आर्थिक वर्ष २०६२/०६३ को स्वयं कर निर्धारण विवरण वा विवरण ढिला बुझाए बापत लाग्ने शुल्क नबुझाएका पूर्वानुमानित कर तिर्ने व्यक्तिको हकमा एक सय रुपैयाँप्रति महिनाको दरले हुने रकम र अन्य करदाताको हकमा एक सय रूपैयाँ प्रति महिनाको दरले हुने रकम वा कुनै आयवर्षको आय गणना गर्दा कुनै रकम कटाई पाउने भए सो नकटाई र कुनै रकम समावेश गर्नु पर्ने भए समावेश गरी हुने निर्धारण योग्य आयको रकमको शून्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम वा विवरण यो ऐन प्रारम्भ भएका बखतसम्म बुझाएको भए वा २०६६ साल पुस मसान्तसम्म बुझाएमा बाँकी शुल्क तथा जरिबाना मिन्हा हुनेछ ।

२३. वैदेशिक रोजगार सेवा शुल्क मिन्हा सम्बन्धी व्यवस्था : आर्थिक ऐन, २०६३ को दफा ७ को उपदफा (१) बमोजिम असूलउपर हुन बाँकी वैदेशिक रोजगार सेवा शुल्क मिन्हा हुनेछ ।

२४. शुल्क ब्याज मिन्हा सम्बन्धी व्यवस्था : आयवर्ष २०६०।०६१ सम्मको आयकर, मूल्य अभिवृद्धि कर र अन्त:शुल्कको निर्धारण सम्बन्धी विषयमा चित्त नबुझाई आन्तरिक राजस्व विभाग, राजस्व न्यायाधिकरण वा अदालतमा विचाराधीन रहेका मुद्दाहरू सम्बन्धित करदाताले फिर्ता लिई त्यस्तो कर निर्धारणबाट कायम भएको आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क २०६६ साल माघ मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर, ब्याज तथा जरिबाना मिन्हा दिइनेछ ।

२५. करको दायरामा आउनेलाई शुल्क ब्याज मिन्हा सम्बन्धी व्यवस्था : (१) यो ऐन प्रारम्भ भएका बखतसम्म कुनै आय आर्जन गरी कर नतिरेका वा आंशिक रुपमा मात्र कर तिरेका परामर्शदाता, दलाल, चिकित्सक, ईन्जिनियर, कानून व्यवसायी, लेखा परीक्षक, कलाकार, कमिशन एजेण्ट, बहालवाला वा सेवानिवृत्त सार्वजनिक पद धारण गरेका पदाधिकारी, कर्मचारी, शिक्षक, प्राध्यापक लगायत जुनसुकै व्यक्तिले २०६६ साल माघ मसान्तभित्र स्थाई लेखा नम्बर लिई आयवर्ष २०६४/०६५ र २०६५/०६६ को आयविवरण र सो विवरण अनुसार लाग्ने आयकर दाखिला गरेमा निजले आयवर्ष २०६४/०६५ अगाडिको वर्षको आय विवरण पेश गर्नु पर्ने छैन र सोमा लाग्ने आयकर, शुल्क, ब्याज तथा जरिबाना समेत छूट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र आय विवरण र कर नबुझाउने व्यक्ति आय आर्जनमा संलग्न भएको पाइएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो सम्पूर्ण अवधिको तिर्न बुझाउनु पर्ने सम्पूर्ण कर, शुल्क, ब्याज तथा जरिबाना समेत असूल गरिनेछ ।

२६. खाँडसारी उद्योगलाई दस्तुर तथा जरिबाना मिन्हा सम्बन्धी व्यवस्था : भर्टिकल रोलर तथा होरिजेण्टल रोलर प्रयोग गर्ने (दश हर्ष पावरसम्मको) खाँडसारी उद्योगले आर्थिक वर्ष २०६५/०६६ सम्ममा बुझाउनु पर्ने वार्षिक नवीकरण दस्तुर आर्थिक वर्ष २०६६/०६७ का लागि तोकिएको दर बमोजिम बुझाएमा बाँकी विलम्ब शुल्क तथा जरिबाना मिन्हा हुनेछ ।

२७. बक्यौता फछ्र्यौट समिति : (१) प्रचलित कानून बमोजिम चुक्ता हुन बाँकी रहेका बक्यौता करहरू (भन्सार महसुल, आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, मनोरञ्जन कर, ठेक्का कर, बिक्री कर, हवाई उडान कर, होटल कर) तथा गैरकर असूलउपर गर्ने, मिन्हा गर्ने तथा मिन्हाको लागि सिफारिस गर्न नेपाल सरकारले अधिकारसम्पन्न बक्यौता फछ्र्यौट समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले बक्यौता असूल फछ्र्यौट गर्ने प्रयोजनको लागि सम्बन्धित ऐन, नियमहरूद्वारा प्रदत्त अधिकार प्रयोग गर्नेछ ।

(३) साविकमा कर निर्धारण भई वा प्रचलित कानूनबाट कर दायित्व सिर्जना भई आर्थिक वर्ष २०६०/०६१ सम्ममा लगत कायम भएको बक्यौता करमध्ये उपयुक्त कारण र आधारबाट असूल हुन नसक्ने बक्यौता रकम प्रति लगत पचास हजार रुपैयाँसम्म समितिले, प्रति लगत एकलाख रुपैयाँसम्म समितिको सिफारिसमा अर्थ मन्त्रालयले र सोभन्दा बढी रकमको हकमा समितिको सिफारिसमा नेपाल सरकारले मिन्हा दिन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्णस्वामित्वमा रहेका संस्थान, कम्पनी, विकास समिति विघटनको क्रममा रहेका वा विघटन वा खारेज


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भइसकेका सरकारी संस्थान वा कम्पनीले तिर्न बुझाउन बाँकी रहेको बक्यौता कर तथा गैर कर रकम असूल हुन नसक्ने उपयुक्त कारण र आधार भएमा प्रति लगत पचास हजार रुपैयाँसम्म समितिले र सोभन्दा बढी रकमको हकमा समितिको सिफारिसमा नेपाल सरकारले मिन्हा गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको बक्यौता फछ्र्यौट समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

२८. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधन : राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "राजस्व" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने भन्सार महसुल, अन्त:शुल्क, आयकर, मूल्य अभिवृद्धि कर, सवारी साधन कर, घरजग्गा बहाल कर, सम्पत्ति कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम लाग्ने अन्य कर तथा गैरकर राजस्वलाई समेत जनाउँछ ।"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) "गैरकर" भन्नाले सबै प्रकारको प्रशासनिक दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, सावाँ ब्याज लगायत नेपाल सरकारले प्रचलित कानून बमोजिम लगाएको सबै दस्तुर तथा शुल्क समेतको रकम सम्झनु पर्छ ।"

(ग) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

"(ङ१) "मन्त्रालय" भन्नाले अर्थ मन्त्रालय सम्झनु पर्छ ।"

(घ) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छ :-

"(छ१) "बिगो" भन्नाले आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क, घर बहाल कर र प्रचलित कानून बमोजिम लाग्ने अन्य कर, शुल्क तथा ब्याज समेतको रकम सम्झनु पर्छ र सो शब्दले भन्सार चोरी पैठारी भएको वा हुन लागेको मालवस्तुको थोक बजार मूल्य वा मालवस्तु फेला नपरी कागज मात्र फेला परेकोमा त्यस्तो मालवस्तु आयात गर्दा भन्सार बिन्दुमा भन्सार प्रयोजनको लागि कायम हुने मूल्य र सो मा लाग्ने भन्सार महसुललाई समेत जनाउँछ ।"

(२) दफा ४ को,-

(क) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) राजस्व बुझाउनु पर्ने कार्यालयको कर्मचारीसँग मिलोमतो गरी वा नगरी नेपाल सरकारलाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व रकममा हेरफेर वा परिवर्तन गरेमा वा राजस्व बुझाएको देखिने गलत लिखत तथा कागजात पेश गरेमा वा प्राप्त भएमा ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) राजस्व बुझाउने प्रयोजनको लागि घोषणा गरिनु पर्ने कुनै आय, घरजग्गा वा अन्य सम्पत्ति वा सामानको मूल्य घटी वा बढी हुने गरी अभिलेखाङ्कन गरी हिसाब तयार गरेमा।"

(३) दफा ६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) दर्ता गरी वा नगरी वा इजाजत लिई वा नलिई गरिने सबै किसिमका आर्थिक कारोबारमा भएको राजस्व चुहावट सम्बन्धी अनुसन्धान, तहकिकात र तत्सम्बन्धी अन्य कारबाही विभागले गर्नेछ।"

(४) दफा ७ पछि देहायको दफा ७क. थपिएको छ :-

"७क. आकस्मिक जाँच परीक्षण गर्न सक्ने : (१) दफा ४ बमोजिम राजस्व चुहावट गरेको मानिने कुनै कार्य भएको छ भन्ने विश्वास लाग्ने मनासिब माफिकको कारण भएमा वा दफा ७ बमोजिम राजस्व चुहावटको सूचना प्राप्त भएमा महानिर्देशक वा निजले खटाएको कुनै कर्मचारीले आकस्मिक रुपमा जुनसुकै व्यक्ति वा यात्रु एवं मालसामान ओसारपसार गर्ने यातायातका साधनलाई रोकी आवश्यक कागजात माग गर्न, तलासी लिन वा कुनै भवन, गोदाम, पसल, कारोबारस्थल, जग्गा र स्थान विशेषमा उपस्थित भई खानतलासी लिन, सिलबन्दी गर्न, कुनै मालवस्तु वा कागजाते नियन्त्रणमा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलासी लिँदा वा आकस्मिक जाँच गर्नु पर्दा सम्बन्धित व्यक्तिलाई


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खानतलासी लिनु वा जाँच गर्नु परेको कारण खुलेको लिखित जनाउ दिनु पर्नेछ ।"

(५) दफा ८ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर, अनुसन्धान तथा तहकिकातको काम सम्पन्न नभएमा महानिर्देशकले आवश्यकता अनुसार एकैपटक वा पटक पटक गरी बढीमा अर्को तीस दिनसम्म अनुसन्धान तथा तहकिकातको लागि म्याद थप गर्न सक्नेछ ।"

(६) दफा ९ को उपदफा (७) पछि देहायका उपदफा (८) र (९) थपिएका छन् :-

"(८) यस ऐन बमोजिम अनुसन्धान तथा तहकिकातको क्रममा रहेको कुनै व्यक्ति कारबाही छल्ने उद्देश्यले नेपाल छोडी बाहिर जाँदैछ भन्ने विश्वास हुने पर्याप्त कारण भएमा विभागले निजलाई विदेश जानबाट रोक लगाउन सक्नेछ र यस्तो व्यक्तिको राहदानी कब्जामा लिन, रोक्का गर्न सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ । यसरी लेखी आएको विषयमा सहयोग गर्नु सम्बद्ध निकायको कर्तव्य हुनेछ ।

(९) विभागले कुनै सम्बन्धित कार्यालय, संघ-संस्था वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध कागजात वा प्रमाणको लिखत वा कुनै बैङ्क, वित्तीय तथा सहकारी संस्थामा भएको कारोबारको विवरण, धितोपत्र बजारमा भएको सबै आर्थिक कारोबारको विवरण अनुसन्धानको प्रयोजनको लागि माग गर्न सक्नेछ । यसरी माग गरेको विवरण तोकेको म्यादभित्र उपलब्ध गराउनु सम्बद्ध व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।"



आधिकारिकता मुद्रण(२२)भागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) दफा १० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) यस ऐन बमोजिम राजस्व चुहावट सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात महानिर्देशकले आवश्यकता अनुसार आफैं गर्न वा विभाग वा मातहत कार्यालयको अधिकृतस्तरको कर्मचारीलाई अनुसन्धान अधिकृत भई काम गर्न तोक्न सक्नेछ ।"

(८) दफा ११ को उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) राजस्व चुहावटको कसूर गर्ने संस्था वा व्यक्तिको चल अचल सम्पत्ति रोक्का गर्नु पर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकृतले त्यस्तो सम्पत्ति रोक्का गर्नेछ ।"

(९) दफा १३ पछि देहायको दफा १३क. थपिएको छ :-

"१३क. अन्य विभागलाई लेखी पठाउन सक्ने : (१) राजस्व चुहावटको सम्बन्धमा अनुसन्धान अधिकृतले अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम निर्धारण गर्नु पर्ने आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल वा गैरकर निर्धारण गर्दा लापरबाही वा हेलचेक्र्याइँ वा अन्य कुनै कारणबाट त्रुटि हुन गएको पाएमा अनुसन्धान अधिकृतले सो कुरा उल्लेख गरी विभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन पेश हुन आएपछि विभागले त्यस्तो कर, अन्तःशुल्क, भन्सार महसुल वा गैरकरको निर्धारणमा भएको त्रुटि सच्याउन सम्बन्धित निकायलाई लेखी पठाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम त्रुटि सच्याउनको लागि लेखी आएमा सो बमोजिम त्रुटि सच्याउने कर्तव्य सम्बन्धित निकायको हुनेछ ।"

(१०) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छ :-

"२३. दण्ड सजाय : (१) राजस्व चुहावटको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछ :-

(क) मालवस्तु कब्जामा लिइएकोमा त्यस्तो मालवस्तु जफत गरी बिगोको दोब्बरसम्म जरिबाना वा कसूरको मात्रा हेरी तीन वर्षसम्म कैद वा दुवै सजाय,

(ख) मालवस्तु कब्जामा नभई कारोबारको अभिलेख मात्रको आधारमा अपराध प्रमाणित भएमा सो कारोबारमा प्रचलित कानून बमोजिम बुझाउनु पर्ने राजस्व रकम र बिगोको दोब्बरसम्म जरिबाना वा कसूरको मात्रा हेरी तीन वर्षसम्म कैद वा दुवै सजाय।

(२) राजस्व चुहावटको कसूरमा मतियारलाई मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम बुझाउनु पर्ने राजस्व रकममा राजस्व सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिमको ब्याज समेत लाग्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छ :-

"२६. विशेषज्ञ वा कर्मचारीलाई काममा लगाउन सकिने : यस ऐन अन्तर्गतको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीको सम्बन्धमा विभागले विशेषज्ञको राय लिन वा कुनै विशेषज्ञ वा अन्य कर्मचारीलाई काजमा लिई वा करारमा राखी काममा लगाउन सक्नेछ ।"

(१२) दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छ :-

"३७क. राजस्व प्रहरीको रुपमा खटाउन सक्ने : (१) दफा ३७ मा उल्लेख भए बमोजिम राजस्व प्रहरीको छुट्टै व्यवस्था नभएसम्मका लागि नेपाल सरकारले विभाग अन्तर्गत रहने गरी आवश्यकता अनुसार सशस्त्र प्रहरी बलका अधिकृत एवं जवानलाई आवश्यक संख्यामा संलग्न गरी राजस्व प्रहरीको रुपमा काम गर्न खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएका राजस्व प्रहरीले महानिर्देशकको प्रत्यक्ष मातहत र नियन्त्रणमा रही काम गर्नु पर्नेछ ।

(३) कसैले राजस्व चुहावट गरेको वा गर्न लागेको मनासिब माफिकको कारण भएमा महानिर्देशक वा सम्बन्धित अनुसन्धान अधिकृतको आदेशले उपदफा (१) बमोजिम खटिएका राजस्व प्रहरीले त्यस्तो व्यक्तिलाई रोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्न खोज्दा निजले हुलहुज्जत वा जोरजुलुम गरेमा त्यसरी खटिएको राजस्व प्रहरीले निजलाई त्यसो नगर्न सम्झाउनु बुझाउनु पर्नेछ

५८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (४) बमोजिम सम्झाउंदा बुझाउँदा पनि निजले हुलहुज्जत वा जोरजुलुम गरेमा खटिएको राजस्व प्रहरीले निजलाई पक्राउ गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम पक्राउ गर्न खोज्दा निजले जोरजुलुम गरेमा वा भाग्न उम्कन खोजेमा र तत्काल पक्राउ गर्न नसकिने अवस्था भएमा आफ्नो रक्षा र कर्तव्यको पालनाको निम्ति महानिर्देशक वा सम्बन्धित अनुसन्धान अधिकृतको आदेशले घटनास्थलमा खटिएका राजस्व प्रहरीले त्यस्तो घटना रोक्न पहिले हवाई फायर गर्न र त्यसो गर्दा पनि स्थिति नियन्त्रण नभए वा हुलहुज्जत गर्ने व्यक्तिसँग समेत हतियार भएमा कम क्षति हुने गरी गोली समेत चलाउन सक्नेछ ।

(७) कुनै ढुवानी वा सवारी साधनबाट राजस्व छलिएको मालवस्तु ढुवानी गर्दै गरेको मनासिब माफिकको शङ्का भएमा खटिएका राजस्व प्रहरीले त्यस्तो सवारी साधन समेत रोक्न वा रोक्न लगाउन आदेश दिन सक्नेछ । त्यस्तो आदेश नमानी हुलहुज्जत वा जोरजुलुम गरी त्यस्तो सवारी साधन नजँचाई भगाउने प्रयत्न गरेमा वा भगाएमा महानिर्देशक वा सम्बन्धित अनुसन्धान अधिकृतको आदेश लिई खटिएका राजस्व प्रहरीले त्यस्तो सवारी साधनको पाङ्ग्रामा कम क्षति हुने गरी गोली चलाउन सक्नेछ ।

(८) उपदफा (६) र (७) बमोजिम गोली चलाउनु परेको अवस्थामा सो कुराको जानकारी छिटो साधनद्वारा अनुसन्धान अधिकृतले आदेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिएकोमा महानिर्देशक र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई र महानिर्देशकले आदेश दिएकोमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई र अर्थ मन्त्रालयको सचिवलाई दिनु पर्नेछ।"

२९. मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा २ को,-

(क) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ :-

"(च१) "कम्पनी वा निकायको समूह" भन्नाले देहायको अवस्था विद्यमान भएको कम्पनी वा निकायको समूह मानिनेछ :-

(क) निकायको समूहमा सम्बद्ध व्यक्ति वा प्रतिनिधि सदस्यद्वारा कुनै व्यवसाय सञ्चालन गरेमा,

(ख) कुनै वस्तु वा सेवाको आपूर्ति निकायको समूहद्वारा आफ्नो सम्बद्ध कुनै निकाय वा अर्को निकायको समूहलाई आपूर्ति गरेमा,

(ग) निकायको समूह वा समूहको सदस्यलाई कुनै वस्तु वा सेवाको आपूर्ति गरेमा,

(घ) कुनै दुई वा दुईभन्दा बढी निकायहरूको व्यापार सञ्चालनको स्थायी ठेगाना एकै ठाउँमा भएमा, वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।